गोलन्जोर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ग्वालटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

मिति : २०८१।०९।१९ गते
समय : बिहान ११:०० बजे
स्थान: गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार

आज मिति २०८१।०९।१९ गते शुक्रबार गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज बरालज्यूको अध्यक्षतामा गोलन्जोर गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्ताबहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

**उपस्थिति:**

| | |
|---|---|
| १. श्री शंकर राज बराल | गाउँपालिका अध्यक्ष |
| २. श्री ज्वाला प्रसाद न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३. श्री रेगन राज थापा | गाउँपालिका प्रवक्ता |
| ४. श्री सोम प्रसाद बराल | कार्यपालिका सदस्य |
| ५. श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ६. श्री कृष्ण प्रसाद पोखरेल | कार्यपालिका सदस्य |
| ७. श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ८. श्री गोबिन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ९. श्री रबिन कुमार श्रेष्ठ | कार्यपालिका सदस्य |
| १०. श्री सम्झना पोखेल | कार्यपालिका सदस्य |
| ११. श्री सम्बर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२. श्री उर्बशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३. श्री अम्मरदिप बि क | कार्यपालिका सदस्य |
| १४. श्री शान्ता बि क | कार्यपालिका सदस्य |
| १५. श्री खरिमाया आले पुर्वछाने | कार्यपालिका सदस्य |
| १६. श्री चन्द्रकान्त चौधरी | प्रमुख प्रशासकीय अधिकृत |

**अन्य उपस्थिति**

| | |
|---|---|
| १. सरद प्याकुरेल | सूचना तथा प्रशासन शाखा |
| २. सुविर विक्रम कार्की | सूचना तथा संचार प्रविधि शाखा प्रमुख |

शंकर राज बराल
अध्यक्ष

गोलन्जोर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ग्वालटार, सिन्धुली
बागमती प्रदेश नेपाल
२०७३

## प्रस्तावहरु

१. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

२. बन वातावरण तथा विपद व्यवस्थापन समितिको कार्यक्रम अनुमोदन सम्बन्धमा ।

३. हिउदे अधिवेशनको मिति तय सम्बन्धमा ।

४. संघीय सरकार र प्रदेश सरकारलाई पेश गर्ने समपुरक र विशेष योजना सम्बन्धमा ।

५. ओम शान्ति भवनको नक्शा पास निशुल्क सम्वन्धमा ।

६. प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिवेदन सम्बन्धमा ।

७. सडक बोर्ड नेपालको आयोजना र स्रोत सुनिश्चितता सम्बन्धमा ।

८. डिजिटल हस्ताक्षर कार्यान्वयन सम्बन्धमा ।

९. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित अनुदान सम्बन्धमा ।

१०. शैक्षिक व्यवस्थापकिय सुधार सुशासनमा उत्कृष्ट कार्य गर्ने विद्यालयलाई अनुदान सम्बन्धमा

११. ११ आ.व. २०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा समिक्षा तथा आ व २०८०।०८१ को LISA र FRA विवरण प्रविष्टि सम्बन्धमा ।

१२.नेपाल स्वास्थ्यको लागि पानी ने. वा. कार्यक्रममा साझेदारी प्रतिबद्धता सम्बन्धमा ।

१३. सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) सम्बन्धमा ।

१४. खर्च अनुमोदन सम्बन्धमा ।

१५. दुध उत्पादनमा आधारित प्रोत्साहन अनुदान मापदण्ड, २०८१ सम्बन्धमा ।

१६..रैथाने बाली उत्पादन प्रोत्साहन अनुदान मापदण्ड, २०८१ सम्बन्धमा ।

१७. गृहिणी महिला सशक्तिकरण कार्यक्रमको श्रोत सुनिश्चितता सम्बन्धमा ।

१८.योजना संसोधन सम्बन्धमा।

१९.विपद जन्य योजनाको श्रमदान सम्बन्धमा।

२०.योजना कार्यान्वयन सम्बन्धमा।

२१.सामी परियोजना सम्बन्धमा ।

शंकर राज बराल
अध्यक्ष

गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ग्वालटार, सिन्धुली बागमती प्रदेश, नेपाल २०७३

## निर्णयहरु

**निर्णय नं.१ प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

गोलन्जोर गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेटबाट कार्यस्थलमा आधारित जिवन उपयोगी सीपमुलक तालिम सञ्चालन गर्ने सन्दर्भमा जिवन उपयोगी तथा सिप विकास तालिम सञ्चालन गर्दा युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, (संशोधित) २०७९ को दफा ६१ मा उल्लेख भए बमोजिम गोलन्जोर गाउँपालिका वडा नं १, ३ र ४ नं. वडाका ४० जना सूचीकृत बेरोजगारहरुलाई सडक मर्मत तालिम सञ्चालन गर्ने र त्यसको लागि आवश्यक सम्पुर्ण प्रक्रियाहरु पुरा गरी बोलपत्र आव्हान गर्न गोलन्जोर गाउँपालिका इन्जिनियर सुशिल प्रसाद शर्मालाई जिम्मेवारी दिने निर्णय गरियो साथै अन्य कार्यक्रम साविक अनुसार कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना नै सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ बन बाताबरण तथा विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।**

गोलन्जोर गाउँपालिका बन बातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०८१।०८।१७ गतेको बैठकले गरेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ हिउदे अधिवेशन सम्बन्धमा ।**

यस गोलन्जोर गाउँपालिकाको चा.लु .आ.व. २०८१।०८२ को गाउँ सभाको हिउदे अधिवेशन मिति २०८१ साल माघ ५ गते शनिवार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ आ.व. २०८२।०८३ को लागि समपुरक तथा विशेष अनुदानको योजना छनौट सम्वन्धमा ।**

गोलन्जोर गाउँपालिकाको आ.व. २०८२।०८३ को लागि समपुरक तथा विशेष अनुदानको योजना छनौट सम्बन्धमा तपशिल बमोजिमका योजनाहरु प्रदेश तथा संघीय सरकार समक्ष छनौट गरी पठाउने निर्णय गरियो ।

<u>तपशिल</u>

संघीय सरकार तथा प्रदेश सरकार समपुरक र विशेष अनुदान तर्फ

| क सं | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | कुडुले डुडभन्ज्यांग सडक स्तरोन्नती | गोलन्जोर १ | समपुरक अनुदान |
| २. | थाक्ले वत्तिसे सडक स्तरोन्नती | गोलन्जोर २ | समपुरक अनुदान |
| ३. | ग्वालटार भित्रि सडक स्तरोन्नती | गोलन्जोर ३ | समपुरक अनुदान |
| ४. | कालोढुङ्गा हैवार नाकाजोली सडक स्तरोन्नती | गोलन्जोर ६ | समपुरक अनुदान |
| ५. | धुलेडाँडा पधेरा टोल सडक स्तरोन्नती | गोलन्जोर ५ | समपुरक अनुदान |
| ६. | आलुवारी तल्लो डुँडे सडक विस्तार | गोलन्जोर ४ | समपुरक अनुदान |
| ७. | प्याजखेती प्रवर्द्धन कार्यक्रम | गोलन्जोर १ | विशेष अनुदान |
| ८. | लिफ्ट सिँचाई क्रमागत | गोलन्जोर १ | विशेष अनुदान |
| ९. | वडा कार्यालय भवन | गोलन्जोर २ | विशेष अनुदान |
| १०. | भदौरे स्वास्थ्य केन्द्र निर्माण | गोलन्जोर ३ | विशेष अनुदान |
| ११. | खोक्लिङ्ग लिफ्ट सिँचाई | गोलन्जोर ४ | विशेष अनुदान |
| १२. | वडा कार्यालय भवन | गोलन्जोर ५ | विशेष अनुदान |
| १३. | मध्य पाहाडी सुँगुरे सडक | गोलन्जोर ६ | विशेष अनुदान |
| १४. | फोहोर व्यस्थापन डिस्पोजल स्थल निर्माण | गोलन्जोर ७ | विशेष अनुदान |
| १५. | | गोलन्जोर ७ | विशेष अनुदान |

**निर्णय नं ५ : ओम शान्ति भवनको नक्शा पास निशुल्क सम्वन्धमा ।**

गोलन्जोर गाउँपालिका ३ ग्वालटारमा निर्माण भएको ओम शान्तिको भवनको नक्शा पास निशुल्क गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ प्रारम्भिक वातावरणीय (IEE) प्रतिवेदन सम्वन्धमा ।**

गोलन्जोर गाउँपालिकाको विभिन्न खोलाहरु तथा नदीजन्य पदार्थ संकलन तथा उत्खननको लागि श्री पौडेल कन्सल्टेन्ट एण्ड कम्पनी प्रा लि क न पा ९ ले तयार गरेको प्रारम्भिक वातावरणीय परिक्षण(IEE) प्रतिवेदन गोलन्जोर गाउँपालिकाको प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ मा उल्लेख भए बमोजिम आजको कार्यपालिकाको बैठकले स्वीकृति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ सडक बोर्ड नेपालको आयोजना र स्रोत सुनिश्चितता सम्बन्धमा ।**

सडक बोर्ड नेपाल बाट स्थानीय सडक मर्मत संभार कार्यको लागि स्वीकृत भएर आएको बजेट रु २००००००। (अक्षेरुपी रु बिस लाख)को लागि मँहाकाल भदौरे भगाटार सडक स्तरोन्नती गोलन्जोर २ आयोजना छनौटको साथै गाउँपालिकाले व्यहोर्नुपर्ने दायित्व रकम रु ५०००००। (अक्षेरुपी रु पाँच लाख) गाउँपालिकावाट स्रोत सुनिश्चितता गरी आयोजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ डिजिटल हस्ताक्षर कार्यान्वयन सम्बन्धमा ।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० बमोजिम सार्वजनिक सेवा प्रवाहमा डिजिटल प्रविधिको प्रयोग पश्चात् दैनिक कार्य-सम्पादनको गति बढाउन, सार्वजनिक सेवाको दक्षता सुधार गर्न र सरकारी प्रशासनको निरपेक्षता, पारदर्शिता र जवाफदेही बढाउन गाउँपालिका अन्तर्गत योजना तथा प्राविधिक शाखामा निरन्तर प्रयोग भएको योजना वेव वेस सफ्टवेयर प्रणाली प्रयोग गरि वार्षिक गाउँपालिकाको वजेट योजना तथा कार्यक्रम कार्यान्वयन प्रयोजनको लागि वडा कार्यालयदेखि गाउँपालिकाको शाखागत प्रविष्टी प्रयोजनको लागि आवश्यक काजगात प्रविष्टि, अपलोड, डाउनलोड,रुजु,स्वीकृतमा प्रयोग हुने अभिलेखमा गाउँपालिकाको जिम्मेवार शाखामा कार्यरत कर्मचारीहरुको हस्ताक्षर डिजिटल प्रविधि मार्फत प्रयोग भई कार्य सम्पादन हुने हुनाले सो सम्बन्धी सम्पुर्ण कामकाज सोही बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।साथै उक्त प्रणाली बमोजिम हाल सम्म सम्पन्न भएको डिजिटल प्रविधिको प्रयोग पश्चात् सम्पुर्ण कार्य-सम्पादन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित अनुदान सम्बन्धमा ।**

विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित अनुदान वितरण अन्तर्गत माध्यमिक विद्यालयमा पुस्तकालय प्रयोगशाला तथा ICT व्यवस्थापन कार्यक्रम (फिनिसिङ्ग, किताब खरिद तथा इ. पुस्तकालय) को लागि श्री जनता मा वि खनियाखर्क गोलन्जोर ५ लाई रु ६५००००।(अक्षरेपी रु छ लाख पचास हजार मात्र) अनुदान दिने निर्णय गरियो ।

**निर्णय नं. १० शैक्षिक व्यवस्थापकिय सुधार सुशासनमा उत्कृष्ट कार्य गर्ने विद्यालयलाई अनुदान सम्बन्धमा ।**

शैक्षिक व्यवस्थापकिय सुधार सुशासनमा उत्कृष्ट कार्य गर्ने विद्यालयलाई अनुदान शैक्षिक व्यवस्थापकिय पक्षमा गरिने सुधार ,शिक्षक कर्मचारी क्षमता विकास , स्थलगत अध्ययन भ्रमण , छिमेकी विद्यालय अन्तरक्रिया कार्यक्रमको लागि EMIS मा मापदण्ड पुरा गरेका तपशिल बमोजिमका विद्यालय छनौट गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| क्र. सं. | विद्यालयको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | श्री पञ्चावती आ वि तिनघरे डाँडा गोलन्जोर ४ | ३०००००। |
| २ | श्री प्रभात आ वि देउरालिटार गोलन्जोर ६ | २०००००। |

शंकर राज बराल
अध्यक्ष

**निर्णय नं. ११ आ.व. २०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा समिक्षा तथा आ व २०८०।०८१ को LISA र FRA विवरण प्रविष्टि सम्बन्धमा ।**

विगतको आ.व. २०७९/०८० को गाउँपालिकाको कार्यप्रकृया र उपलब्धिको लेखाजोखा गरी शासकीय प्रकृया र विकास व्यवस्थापनमा गर्नुपर्ने सुधारका क्षेत्रहरु पहिचान गर्ने,आवधिक समिक्षाको आधार प्राप्त गर्ने र स्थानीय सरकारविच स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराउने उद्धेश्यले कार्यान्वयनमा रहेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को कार्य सम्पन्न भएकोले उक्त नतिजाको गुणस्तर परिक्षणको कार्य श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौंको मिति २०८१/०५/०६ गतेको पत्रानुसार प्राप्त नतिजा ५३.२५ रहेको भनि पत्राचार भएको छ ।सो अङ्कभार यस गाउँपालिकाको आधिकारिक स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजाको समिक्षा गरी स्वीकृत गर्ने निर्णय गरियो ।स्थानीय तहको कार्यप्रक्रिया र उपलब्धिहरुको बारेमा लेखाजोखा गरी समग्र सेवा प्रवाह विकास व्यवस्थापन र सुशासनको क्षेत्रमा प्रभावकारीता हासिल गर्न LISA, FRA, LED को एकिकृत मुल्याङ्कन प्रणाली तयार गरी कार्यान्वयनको क्रममा रहेको हुँदा सो सम्बन्धी आवश्यक समन्वय तथा छलफल गरी कार्य सम्पन्न गर्न यस कार्यलयका सूचना तथा संचार प्रविधि अधिकृत श्री सुविर विक्रम कार्कीलाई फोकल पर्सन तोकी कार्य सम्पन्न गर्न जिम्मेवारी दिने निर्णय गिरयो ।

**निर्णय नं १२ नेपाल स्वास्थ्यको लागि पानी ने. वा. कार्यक्रममा साझेदारी प्रतिबद्धता सम्बन्धमा ।**

गोलन्जोर गाउँपालिकामा मिति २०८१।०६।११ र १२ गते आएको भिषण वर्षाको कारण क्षतीग्रस्त भएको खानेपानी आयोजनाको पुन: निर्माणको लागि समपुरक कोष विनियोजन सम्बन्धमा तपशिल बमोजिमको योजनामा तपशिल बमोजिमको बजेट बिनियोजन गर्ने प्रतिबद्धता व्यक्त गरियो ।साथै सो को साझेदारीको लागि यस गाउँपालिकावाट श्रोत सुनिश्चितता गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपशिल

| क सं | आयोजनाको नाम | नेवाको सहयोग रु | गा पा समपुरक कोष | कैफियत |
|---|---|---|---|---|
| १ | दाउन्ने कोकुम खानेपानी तथा सरसफाइ आयोजना गोलन्जोर ६ | रु.१८६१६५। | रु.३१०२५। | |
| २ | गोठखोला खानेपानी तथा सरसफाई आयोजना गोलन्जोर ५ | रु.८७९१७। | रु.१४६५२। | |
| ३ | ज्यामिरे खानेपानी तथा सरसफाइ आयोजना गोलन्जोर १ | रु.११३९२९। | रु.१८९८९। | |
| ४ | कटुन्जे खानेपानी तथा सरसफाइ आयोजना गोलन्जोर १ | रु.४००२४६। | रु.६६७११। | |
| ५ | कुरिनपाखा खानेपानी तथा सरसफाइ आयोजना गोलन्जोर १ | रु.११०६५१। | रु.१८४४१। | |
| ६ | कुभिन्डे खानेपानी तथा सरसफाइ आयोजना गोलन्जोर ४ | रु.१८५६४९। | रु.२२८६३। | |
| ७ | माकुटार डाँडागाउँ खानेपानी तथा सरसफाइ आयोजना गोलन्जोर १ | रु.१९१९०४। | रु.२९७९१। | |
| ८ | नयाँखर्क खानेपानी तथा सरसफाइ आयोजना गोलन्जोर ५ | रु.१६८५१८। | रु.२८०८६। | |
| | जम्मा | रु.१४४४९७९। | रु.२३०५५७। | |

गोलन्जोर गाउँपालिका
कार्यपालिकाको कार्यालय
ग्वालटार, सिन्धुली

**निर्णय नं. १३ सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) सम्बन्धमा ।**

नेपाल सरकार अर्थ मन्त्रालय महालेखा परिक्षकको कार्यालयले सार्बजनिक सम्पत्ति व्यबस्थापन प्रणाली (PAMS) पुरानोलाई खारेज गरी नयाँ (PAMS) Verson 2 संचालनमा ल्याएको सन्दर्भमा यस गोलन्जोर गाउँपालिका कार्यालयमा रहेका सार्बजनिक सम्पत्तिहरु पुरानो सिस्टमबाट नयाँ सिस्टममा माइग्रेशन गरी ल्याउने क्रममा भुलबस फुटन पिकअप गाडी 2 वटा हुनु पर्नेमा 4 वटा तथा एम्बुलेन्स 2 वटा हुनुपर्नेमा 3 वटा इण्ट्री भएको र गत बिगत आ.ब. हरुमा PAMS मा इण्ट्री गर्ने क्रममा खेलकुद समान लगायत कृषि औजार उपकरणहरु सम्बन्धित शाखा तथा लाभग्राहिहरुलाई भर्पाई गरी हस्तान्तरण गरिएको भएता पनि मौज्दातमा देखिएको हुँदा उक्त बढि देखिएको सम्पत्ति सामानहरु मौज्दात समायोजन मार्फत सिस्टमबाट हटाउने निर्णय गरियो ।

**निर्णय नं. १४ खर्च अनुमोदन सम्बन्धमा ।**

गोलन्जोर गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को मिति २०८१।०९।१८ गते सम्म भएका चालु तथा पुँजिगत तर्फको बजेट खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ दुध उत्पादनमा आधारित प्रोत्साहन अनुदान मापदण्ड, २०८१ सम्बन्धमा ।**

गोलन्जोर गाउँपालिकाको पशुपंक्षी तथा मत्स्य विकास शाखाले पेश गरेको दुध उत्पादनमा आधारित प्रोत्साहन अनुदान मापदण्ड, २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १६ रैथाने बाली उत्पादन प्रोत्साहान अनुदान माषदण्ड २०८१ सम्बन्धमा।**

गोलन्जोर गाउँपालिकाको वडा नं ३ मा संचालन हुने रैथाने बाली उत्पादन प्रोत्साहान कार्यक्रमको लागि रैथाने बाली उत्पादन प्रोत्साहन अनुदान मापदण्ड, २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १७ गृहिणी महिला सशक्तिकरण कार्यक्रमको श्रोत सुनिश्चिता सम्बन्धमा।**

बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको गृहिणी महिला सशक्तिकरण कार्यक्रमको स्वीकृत बजेट १२४२३५६।– को १५ प्रतिशत हुन आउने स्थानीय तहको साझेदारी रकम रु २१९२४०।– गाउँपालिकाबाट श्रोत सुनिश्चितता गर्ने निर्णय गरियो।

**निर्णय नं. १८ योजना संसोधन सम्बन्धमा।**

गोलन्जोर गाउँपालिकाको आ व २०८१।०८२ को लागि स्वीकृत तपशिलको योजनाहरुको नाम संसोधन गर्ने निर्णय गरियो।

<u>तपशिलः</u>

| क स | साविकको योजनाको नाम | बजेट | संसोधित गरिएको योजनाको नाम | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | भगटार भदौरे समूह भवन निर्माण गोलन्जोर २ | रु.४०००००।- | भगटार सिँचाई पोखरी निर्माण वडा नं २ | रु.४०००००।- | |
| २ | एक वडा एक उत्पादन कार्यक्रम | रु.२०००००।- | कृषि तथा पशुपंक्षी प्रयोगशला सञ्चालन तथा व्यवस्थापन | रु.२०००००।- | |
| ३ | कालीआप शिव मन्दिर गोलन्जोर १ | रु.३०००००।- | भोटेडाँडा सडक ट्रयाक गोलन्जोर १ | रु.३०००००।- | |

गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ग्वालटार, सिन्धुली

**निर्णय नं. १९ विपद जन्य योजनाको श्रमदान सम्बन्धमा।**

गोलन्जोर गाउँपालिकाबाट सञ्चालन हुने विपद जन्य क्षतीको मर्मत तथा पुननिर्माण सँग सम्बन्धित योजनाहरुमा ५ प्रतिशत श्रमदान गर्ने निर्णय गरियो।

**निर्णय नं. २० योजनाको कार्यान्वयन सम्बन्धमा ।**

बागमति प्रदेश सरकारको शसर्त अनुदानको भन्ज्याङ्ग डाडा ट्वाङट्वाङ्गे गाईखुरे सडक स्तरोन्नती गोलन्जोर १ आयोजना कुडुले डुडभन्ज्याङ्ग वडा कार्यालय धनसार सडक खण्डमा कार्यान्वयन गर्ने र शहिद स्मृति शान्ती पार्क निर्माण गोलन्जोर ३ लाई शहिद स्मृति शान्ती पार्क गोलन्जोर ६ रातमाटे डाँडामा कार्यान्वयन गर्न आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरीयो ।

**निर्णय नं. २१ सामी परियोजना सम्बन्धमा ।**

यस गोलन्जोर गाउँपालिकाको सुरक्षित आप्रवासन कार्यक्रम (SaMi) को सम्पुर्ण प्रकृया अगाडी बढाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

शंकर राज ब...
अध्यक्ष

गोलन्जोर गाउँपालिकाको कार्यपालिकाको कार्यालय
ग्वालटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १९ विपद जन्य योजनाको श्रमदान सम्बन्धमा।**

गोलन्जोर गाउँपालिकावाट सञ्चालन हुने विपद जन्य क्षतीको मर्मत तथा पुनर्निर्माण सँग सम्बन्धित योजनाहरुमा ५ प्रतिशत श्रमदान ग निर्णय गरियो।

**निर्णय नं. २० योजनाको कार्यान्वयन सम्बन्धमा ।**

बागमति प्रदेश सरकारको शसर्त अनुदानको भन्ज्याङ्ग डाडा ट्वाङट्वाङ्ग गाईखुरे सडक स्तरोन्नती गोलन्जोर १ आयोजना कुड डुडभन्ज्याङ्ग वडा कार्यालय धनसार सडक खण्डमा कार्यान्वयन गर्ने र शहिद स्मृति शान्ती पार्क निर्माण गोलन्जोर ३ लाई शहिद स्म शान्ती पार्क गोलन्जोर ६ रातमाटे डाँडामा कार्यान्वयन गर्न आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरीयो ।

**निर्णय नं. २१ सामी परियोजना सम्बन्धमा ।**

यस गोलन्जोर गाउँपालिकाको सुरक्षित आप्रवासन कार्यक्रम (SaMi) को सम्पुर्ण प्रकृया अगाडी बढाई कार्यान्वयन गर्ने निर्णय गरियो

सरस्वती

खगिमाया

चन्द्रकान्त चौधरी
प्रमुख प्रशासकीय अधिकृत

शंकर राज बराल
अध्यक्ष

शान्ति